# माछापुच्छ्रे गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ०९ संख्याः ०७ मितिः २०४२।११।२६**

## भाग-२

**सम्बत् २०८२ सालको कार्यविधि नं. ५**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गाउँपालिका गाउँकार्यपालिकाले बनाएको **“स्यानिटरी प्याड (खरिद, वितरण तथा व्यवस्थापन) मापदण्ड, २०८२”** सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ

# स्यानिटरी प्याड (खरिद,वितरण तथा व्यवस्थापन) मापदण्ड,२०८२

**प्रस्तावनाः**

सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरूको महिनावारी स्वास्थ्य र स्वच्छतालाई प्रवर्द्धन गर्न, विद्यालयमा उनीहरूको नियमित उपस्थितिलाई सुनिश्चित गर्न र प्रजनन् स्वास्थ्यमा सुधार ल्याउन वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ज) ले दिएको शिक्षा सम्बन्धी अधिकार र संघीय सरकारको स्वीकृत कार्यविधिलाई कार्यान्वयन गर्न माछापुच्छ्रे गाउँपालिकाको कार्यपालिकाले यो मापदण्ड जारी गरेको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

1. **संक्षिप्त नाम र प्रारम्भः (१)** यस मापदण्डको नाम "माछापुच्छ्रे गाउँपालिका स्यानिटरी प्याड (खरिद,वितरण तथा व्यवस्थापन) मापदण्ड,२०८२" रहनेछ ।

   (२)यो मापदण्ड कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

2. **परिभाषाः**

क) "प्याड" भन्नाले छात्राहरूले महिनावारीको समयमा प्रयोग गर्ने नेपाल सरकारले तोकेको मापदण्ड बमोजिमको स्यानिटरी प्याड सम्झनु पर्छ ।

ख) "विद्यालय" भन्नाले यस स्थानीय तहभित्र सञ्चालित सामुदायिक विद्यालय सम्झनु पर्छ ।

## परिच्छेद–२
## स्यानिटरी प्याडको प्राविधिक मापदण्ड र गुणस्तर

3. **न्यूनतम प्राविधिक विशेषता (Specifications):** स्थानीय तहले खरिद गर्ने वा स्थानीय स्तरमा उत्पादन गर्ने प्याडमा निम्न गुणस्तर हुनु अनिवार्य हुनेछः

क) आकारः लम्बाई न्यूनतम ३२० मि.मि., चौडाई ७०–९० मि.मि., मोटाई न्यूनतम १५ मि.मि. र अल्ट्रा थिन विङ्ग्ज भएको हुनुपर्नेछ।

ख) अवशोषण क्षमताः प्याडले न्यूनतम ३० मि.लि. तरल पदार्थ सोस्न सक्ने हुनुपर्नेछ।

ग) सामग्रीः माथिल्लो सतह नरम र तल्लो सतह लिक-प्रुफ हुनुपर्नेछ।

घ) सुरक्षाः प्याड क्लोरिन मुक्त र कुनै पनि हानिकारक सुगन्ध वा रसायन मुक्त हुनुपर्नेछ।

ङ) छालाको अनुकूलताका लागि प्याडको पि.एच. मान ६ देखि ८.५ को बीचमा हुनुपर्नेछ।

## परिच्छेद—३
## खरिद तथा वितरण प्रक्रिया

4. **खरिद प्रक्रियाः**

क) प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम पारदर्शी रूपमा बोलपत्र वा दरभाउ पत्र आह्वान गरी खरिद गरिनेछ ।

ख) स्थानीय उद्यमी वा महिला समूहले उत्पादन गरेका प्याडहरू तोकिएको मापदण्ड पूरा गरेको खण्डमा प्राथमिकता दिइनेछ ।

5. **वितरण विधिः**

क) प्रत्येक विद्यालयमा एक जना महिला शिक्षकलाई सम्पर्क शिक्षक तोकिनेछ ।

ख) विद्यालयले कक्षा ६ देखि १२ सम्मका (महिनावारी सुरु भएका) प्रत्येक छात्रालाई मासिक १५ देखि १८ वटा प्याड निःशुल्क उपलब्ध गराउनुपर्नेछ ।

ग) प्याड वितरण गर्दा छात्राहरूको गोपनीयता र मर्यादाको पूर्ण ख्याल गरिनेछ ।

## परिच्छेद—४
## विसर्जन तथा वातावरणीय व्यवस्थापन

6. **विसर्जन विधिः**

क) विद्यालयले प्रयोग गरिएका प्याड विसर्जनका लागि अनिवार्य रूपमा इन्सिनेरेटर वा सुरक्षित खाडलको व्यवस्था गर्नुपर्नेछ ।

ख) शौचालयमा प्याड फाल्न निषेध गरिनेछ र सोको लागि छुट्टै डिस्पोजल बिन राखिनेछ ।

## परिच्छेद—५
## अनुगमन तथा प्रतिवेदन

7. **अनुगमन समितिः** गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजकत्वमा एक अनुगमन समिति रहनेछ । जसले प्याडको गुणस्तर र वितरणको नियमित जाँच गर्नेछ ।

8. **प्रतिवेदनः** विद्यालयले छात्राहरुलाई वितरण गरिएको प्याडको संख्या र मौज्दातको विवरण स्थानीय तहको शिक्षा, युवा तथा खेलकुद शाखामा वार्षिक रुपमा बुझाउनुपर्नेछ।

**आज्ञाले**

**(केशव सुवेदी)**

**प्रमुख प्रशासकीय अधिकृत**